परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक २८ २०८२ माघ २५ आईतवार Sunday, 8 FEB 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष, २०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## प्रतिनिधीसभा निर्वाचन : मोरंग-४
# पार्टीहरु एक्ला एक्लै भिड्दाको चुनावी रौनक


गरुराज घिमिरे
नेपाली काँगेस


जीवन घिमिरे
नेकपा (एमाले)


अमनलाल मोदी
नेकपा


माधव आचार्य
राप्रपा


सन्तोष राजवंशी
रास्वपा

विराटनगर । विगतमा भएको निर्वाचन पार्टीहरुले एक अर्कासँग गठवन्ध गरी चुनावमा भडिरहेको रौनक भन्दा आउने फागुन २१ हुने प्रतिनिधीसभाको निर्वाचनमा पार्टीहरुले एक्कला एक्लै भिड्दाको रौनक फरक देखिएको छ । पहिलेको निर्वाचनमा एउटै भेलामा दुई किसिमका झण्डा, दुई किसिमको नारा, दुई किसिमको विचार एकभएर पहिले नै उम्मेदवार, पार्टी र जनता समेतले पहिले नै भविष्यवाणी गरिन थियो ।

तर यसपाली प्रत्येक क्षेत्रमा एक्ला एक्लै पार्टीका उम्मेदवार हरु भिडेका छन् । सबैका आफ्नै नारा, आफ्नै विचार, आफ्नै चुनाव चिन्ह आ-आफ्ना क्षेत्रमा हिडेका छन् । पुराना पार्टीका उम्मेदवारहरुलाई नयाँ पार्टीका नयाँ उम्मेदवारले चुनौति दिदै अगाडी बढेका छन ।

त्यसैगरी मोरंगको निर्वाचन क्षेत्र नं. ४ विगतको भन्दा यसपालिको निर्वाचन रोचक हुने आमजनताहरु वताउँछन् । अहिल देखिएको माहोल भन्दा निर्वाचन नजिक आएपछि फरक हुन सक्छ तर यसपालि भविष्यवाणी गर्न सकिदैन । क्षेत्र नं. ४ मा ग्रामथान गाउँपालिका को ७ वटै वडा, कटहरीको ७ वटै वडा, विराटनगर महानगर पालिकाको वडा नं.१,२,३,८,१० र वेलवारी नगरपालिकाको वडा नं. ५,६,७ समेटिएको क्षेत्रमा १ लाख १९ हजार २५५ जना मतदाता रहेका छन् ।

उम्मेदवारी दर्ता गराएका मध्ये नेपाली कांग्रेसका गुरुराज घिमिरे, एमालेका जीवन घिमिरे, नेकपाका अमनलाल मोदी, रास्वपाका सन्तोष राजवंशी बीच प्रतिस्पर्धा हुने भएको छ । यी मध्ये कसले बाजी मार्छ कसैले पनि भविष्यवाणी गर्ने कठिन भएको स्थानीयको दावी छ ।

त्यसवाहेक समावेशी समाजवादी पार्टीका नुमा लिम्बु, नागरिक उन्मुक्ति पार्टीका हरिनारायण चौधरी, आम जनता पार्टीका अशोक शर्मा, नेपाल मजदुर किसान पार्टीका जयराम थारु, मंगोल नेशनल अर्गनाइ जेसनका गोल्छा राई, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का हरिबहादुर बस्नेत, राष्ट्रिय प्रजातन्त्र पार्टीका माधवप्रसाद आचार्य, संघीय लोकतान्त्रिक

वांकी अन्तिम पेजमा...

# कोशी प्रदेशको पर्यटनको सम्भावना विषयक साझा संवाद

विराटनगर । इनोभेट नेक्स्ट इम्प्याक्टको आयोजनामा 'कोशी प्रदेशमा पर्यटन' विषयक साझा संवाद कार्यक्रम सम्पन्न भएको छ । विराटनगर स्थित पर्यटन, वन तथा वातावरण मन्त्रालयको सभाहलमा सरोकारवालाहरूको उपस्थितिमा साझा संवाद सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा.इन्द्रप्रसाद सापकोटाले कोशी प्रदेश सरकारले घोषणा गरेको कोशी पर्यटन वर्ष २०८२ ले प्रदेशमा पर्यटनको संस्कार र आधार निर्माणका लागि महत्वपूर्ण भूमिका खेलेको धारणा व्यक्त गर्दै उहाँले कोशी प्रदेशमा पर्यटक भित्राउने सवालमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने भज्न्दै पर्यटन वर्षले निर्माण गरेको आधारमा टेकेर प्रदेशले पर्यटन विकासमा भूमिका खेल्ने वताए ।

कोशी पर्यटन वर्ष २०८२ का सह-संयोजक भविषकुमार श्रेष्ठले प्रदेशमा पर्यटकको स्पष्ट तथ्यांक नभएकोले कोशी प्रदेशमा कति पर्यटक आएको भनेर दाबी गर्न सक्ने अवस्था नरहेको वताउँदै उहाँले प्रदेश सरकारले निजी क्षेत्रलाई प्राथिमिकतामा राख्दैं आएकोमा पर्यटकको गुणात्मक वृद्धिका लागि नीतिगत पहल गर्नु पर्ने सुझाव दिएका थिए ।

संवाद कार्यक्रममा पर्यटन व्यवसायी राजन श्रेष्ठले प्रदेश सरकारले भारतीय पर्यटकहरू नेपाल आउँदा खर्च गर्न प्रोत्साहन गर्ने नीति निर्माण गर्नु पर्ने वताउँदै उहाँले नेपाली सुरक्षाकर्मीहरूले भारतीय पर्यटकहरूलाई गर्ने व्यवहारमा समेत परिवर्तन आउनु पर्ने धारणा व्यक्त गरेका थिए ।

संवाद कार्यक्रममा होटल व्यवसायी बासुदेव बराल, होम-स्टे महासंघ, कोशी प्रदेशकी अध्यक्ष लिलादेवी भट्टराई लगायतले प्रदेश सरकारसँगै स्थानीय तहहरू समेत पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण साझेदार हुने विचार राखेका थिए ।

वसन्त अधिकारीले सहजी करण गर्नु भएको संवाद कार्यक्रममा सरकारी, निजी तथा होटल तथा पर्यटन विषयक अध्यापन हुने शिक्षालयका विद्यार्थीहरूको समेत सहभागिता रहेको आयोजक इनोभेट नेक्स्ट इम्प्याक्टकी श्वेता आर्चायले जानकारी जानकारी गराए ।

## ६ देखि १० अध्यतरत
# छात्रालाई एचपिभी खोप

विराटनगर । पाठेघरको र मुखको क्यान्सरबाट बच्नको लागि देश व्यापी रुपमा सामुदायिक, निजी र मदर्सामा कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्राहरुलाई एच.पी.भी खोप लगाउने भएको छ ।

कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय मोरंगले आयोजना गरेका राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोपमा विद्यालय केन्द्रित एच.पि.भि खोप संचालन सम्वन्धी जिल्ला खोप समन्वय समितिका पदाधिकारी सहित संचार कर्मीहरुको अभिमुखी कार्यक्रममा स्वास्थ्य कार्यालय मोरंका प्रमुख योगराज घिमिरेले सो कुरा जानकारी गराए ।

मोरंग जिल्ला भरीका १२ हजार ७ सय ४४ जनालाई एच.पी.भी. खोप माघ २५ गते देखि लगाउने तयारी गरेको भन्दै सो खोप ८ सय २७ खोप केन्द्र मार्फत लगाउने प्रमुख सापकोटाले वताए । एच.पी.भी. खोप एक पटक लगाएमा पुन: लगाउनु नपर्ने वहाँको भनाई थियो । नेपालमा प्रत्येक वर्ष १२ देखि १३ हजार महिलाको पाठेघर क्यान्सरको रोगबाट मृत्यु हुने गरेको छ ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्बर राई, उपप्रमुख उषा झा, स्वास्थ्य कार्यालय मोरङका जनस्वास्थ्य अधिकृत उत्सव पोखरेलको सहभागीता रहेको थियो ।

# अग्रवाललाई जिताउन परिचालन समिति गठन

विराटनगर । मोरंग क्षेत्र नं. ५ का नेकपा एमालेका उम्मेदवार मनोज अग्रवाललाई जिताउन बौद्धिक तथा पेशा कर्मीहरूले १०१ जनाको निर्वाचन परिचालन समिति गठन गरेको छ ।

शुक्रबार विराटनगरमा भेला भएका मोरंग क्षेत्र नं. ५ अन्तर्गत रहेका धनपालथान गाउँपालिका ७ वटै वडा, जहदा गाउँपालिका ७ वटै वडा, रंगेली नगरपालिका वडा नं. ४,५,६,७ र विराटनगर महानगरपालिका वडा नं. १३,१४,१५,१६,१७,१८ का बौद्धिक तथा पेशाकर्मीहरूको उपस्थितिमा डा. उद्बव पोखरेलको संयोजकत्व मा निर्वाचन परिचालन समिति गठन गरेको हो ।


उक्त समितिमा सह-संयोजक पुनम सापकोटा, राकेश सुब्बा, सचिव विनोद यादव, सह-सचिव श्यामसुन्दर सुतिहार र कोषाध्यक्ष मा कृपा देव ठाकुर रहेका छन् ।

सदस्यहरूमा २४ वटै वडावाट प्रतिनिधित्व हुनेगरी शिक्षक, कर्मचारी, प्रचार्य, कानुन व्यवसयी, पत्रकार, बुद्धिजीवी लगायतका बौद्धिक वर्गलाई समेटिएकोछ ।

सल्लाहकार समितिमा भुराज राई, एकराज भट्टराई, विरेन्द यादव, सुरेश मिश्रा, दिनेश श्रेष्ठ, राम बहादुर थापा रहेका छन् ।

सोही बौधिक भेलाले मोरंग क्षेत्र नं. ५ आम जनतले भोगी रहेको समस्याहरू र समाधानका उपायहरू संकलन गरेका छन् । सोही अनुसारको उम्मेदवार अग्रवालको घोषणापत्र तयारी गरी सार्वजनिक गर्नेछ ।

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रतिनिधीसभा...

राष्ट्रिय मञ्चका हरनु मुसहर, जनमत पार्टीका जिवनकुमार गुप्ता, जनता समाजवादी पार्टीका तवरेज अखतर आलम, श्रम संस्कृति पार्टीका कृष्णकुमार अटल, उज्यालो नेपाल पार्टीका विनोद परियार र राष्ट्र निर्माण दलका कल्पना देवी यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

स्वतन्त्रबाट भक्तमणी दाहाल, विनोदकुमार कार्की र ज्ञानेन्द्र खत्रीको उम्मेदवारी दर्ता भएको छन ।

## अग्रवाललाई...

भेलामा उपस्थित सबैले सालिन, शान्त स्वभाव, निष्कलक, सामाजिक व्यक्तित्व, इमानदार उम्मेदवार मनोज अग्रवाललाई जिताउनको लागि हर प्रकारले सहयोग गर्ने प्रतिवद्धता जनाए ।

उक्त भेलामा नेकपा एमाले मोरंग जिल्ला उपाध्यक्ष सागरथापा, उप-सचिव उषा झा, क्षेत्र नं. ५ ख संयोजक दिपक कर्ण, हमिद अजाद महानगर उप सचिव लगायतको उपस्थित रहेको थियो ।

# आर्थिक सुधारका एजेण्डा पार्टीहरुले आफ्नो घोषणापत्रमा राख्न संघको आग्रह

विराटनगर । मोरङ उद्योग व्यापार संघले आगामी आम निर्वाचन २०८२ का राजनैतिक दलहरुलाई आ-आफ्नो घोषणा-पत्रमा संघका १५ बुँदे आर्थिक सुधार एजेन्डाहरु समावेश गर्न अपील गरेको छ ।

शुक्रबार बसेको संघको वैठकले हाल नेपालमा नीति अस्थिरता, खुल्ला सीमा नाकाका अवैध कारोबार, उच्च सरकारी खर्च, कमजोर प्रशासनिक प्रणाली,उद्योग मैत्री नीतिहरुको अभावल गायतका समस्याहरुका कारण नेपाली अर्थतन्त्र चरम दबाबमा रहेको र तीसमस्याहरु समाधान नहुञ्जेल देशको आर्थिक पुनरोत्थान सम्भव नरहेको तितो सत्यलाई दृष्टिगत गर्दै संघले आगामी आम निर्वाचन २०८२ का लागि हाल सम्म दर्ता भएका करिब १३६ राजनैतिक दलहरुलाई मुलुकको अर्थतन्त्र सुदृढिकरण एवं आर्थिक समृद्धि हासिल गर्नआ-आफ्नो घोषणा-पत्रहरुमा निम्न १५बुँदे आर्थिक सुधारका एजेण्डाहरुलाई अनिवार्य रुपमा समावेश गर्न माग गरेका छ ।

राजनैतिक दलहरु समक्ष संघद्वारा प्रस्तुत गरीएको १५ बुँदे आर्थिक सुधार एजेन्डाहरु यस प्रकार रहेका छन्:

१. मुलुकको कृषि उत्पाद कत्व अभिवृद्धि गर्न सहुलियत दर र समयमा पर्याप्त मल, विऊ विजन, आधुनिक औजार आदिको उपलब्धता सुनिश्चित गर्ने व्यवस्था गर्ने ।

२. पाँच वर्षभित्र वार्षिक १ करोड पर्यटक नेपाल भित्र्याउने स्पष्ट, ठोस र व्यवहारिक नीतिल्याउने ।

३. छिमेकी राष्ट्र एवं भारतका सीमावर्ति राज्यका नागरिकहरु लाई लक्षित गरी आधुनिक शैक्षिक र स्वास्थ्य प्रतिष्ठानहरु संचालन गर्ने रणनीति ल्याउने ।

४. सीमाना नाकाबाट हुने अवैध कारोबार तथा चोरी पैठारीको नियन्त्रण गरी स्वदेशी उत्पादनको संरक्षण गर्ने साझानीति लिने ।

५. मुलुक आत्मनिर्भर रहेका वस्तुहरु उत्पादन गर्ने उद्योगहरु को संरक्षण, सम्वर्द्धन एवं विकास गर्ने विशेष नीति तत्कालै लिने ।

६. औद्योगिकप्रयोजनकालागि सहुलियत दर र नियमित विद्युत आपूर्तिको व्यवस्था गर्नुका साथै आगामी पाँचवर्ष भित्र कम्तिमा १५,००० मेघावाट विद्यूत उत्पादन गर्ने नीति लिने ।

७. भुपरिवेष्ठित नेपालका स्वदेशी उद्योगहरुलाई निर्यात मुखी र प्रतिष्पर्धी बनाउन समुद्री बन्दरगाह सम्मको आवागमनमा सहुलियत र सहजता प्रदान गर्ने, निर्यात जन्य वस्तुहरुमा निर्यात अनुदान दिने, सीमावर्ति औद्योगिक कोरिडरहरु मा (सेज) स्थापना गर्ने तथा विदेशी मुलुकहरुसँग फ्री ट्रेड एग्रिमेन्ट गर्ने लगायतका नीतिहरु अवलम्बन गर्ने ।

८. ठूलो संख्यामा रोजगारी प्रदान गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्नुका साथै मुलुकमा औद्योगिकि-करणका लागि विजारोपण गर्ने रणनीतिहरु तय गर्ने ।

९. विराटनगर लगायत नेपाल भारत सीमा नजिक रहेका औद्योगिक कोरिडरहरुमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माण गर्ने ।

१०. उद्योग व्यवसायहरुमा आन्दोलन, तोडफोड लगायत कुनै पनिप्रकारका अवाञ्छित गतिविधिहरु हुननदिने कडा सुरक्षा/ दण्डनीय नीतिल्याउने ।

११. करदाता उद्योगी व्यवसायीह लाई पनि श्रमिक सरह सामाजिक सुरक्षा तथा पेन्सन योजनामा समेट्नु पर्ने ।

१२. कर्मचारी सरुवा, बढुवा र नियुक्तिमा मेरिट-आधारित नीतिगत प्रणाली लागू गर्ने नीतिलिनु पर्ने ।

१३. बजेटले प्रक्षेपण गरे बमोजिमका सरकारका विकास निर्माणका कार्य तथा पूँजीगत खर्चहरु समयमै सम्पन्न गर्ने नीतिअवलम्वन गर्नु पर्ने ।

१४. डिजिटल गभर्नेन्स मार्फत आगामीदुई वर्ष भित्रै कम्तिमा २५प्रतिशत सरकारी खर्च घटाउने ठोस नीतिअवलम्बन गर्नु पर्ने ।

१५. श्रम ऐनका हालका व्यवस्थाहरुलाई मुलुकको उत्पादकत्वअभिवृद्धि एवं अझउद्योगमैत्रीबनाउने गरी परिमार्जन गर्नु पर्ने रहेका छन ।

उपरोक्तआर्थिक सुधार एजेन्डाहरु कार्यान्वयनमा ल्याए मात्र मुलुकमाउ त्पादन वृद्धि, रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन तथा राजस्व संकलन वृद्धिहुने रनेपाललेआर्थिक समृद्धि हासिल गर्ने विश्वासका साथसंघले सरकार र राजनीतिक दलहरुसँगको सहकार्यमादेशको आर्थिक विकासकालागि सक्रीयभूमिकानिर्वाह गर्ने प्रतिवद्धता जाहेर गरेको छ ।




## नक्कली नोटसहित १ पक्राउ

सुनसरी । सुनसरीको हरिनगर गाउँपालिका-१ स्थितबाट नक्कली नेपाली रुपैया १ हजार दरको २८ थान नोट सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ईनरुवा नगरपालिका-१० का २५ बर्षीय बहिस मियाँ रहेका छन । पक्राउ परेका मियाँले माघ २१ गते राती हरिनगर-१ स्थित किराना पसलमा समान खरिद गर्दा नक्कली नोट दिएको भनि पसल धनीले प्रहरीलाई जानकारी गराउना साथ प्रहरी चौकी भुटाहाबाट खटिएको प्रहरी टोलीले मियाँलाई तत्काल नियन्त्रणमा लिई शरिर खानतलासी गर्दा उनको साथबाट नक्कली नेपाली रुपैया १ हजार दरको २८ थान नोट बरामद गरेको थियो ।

पक्राउ परेका बहिस मियाँको जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भईरहेको छ ।


## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदेखिने गिर्खा वा गाठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिर्वत हुनु,
- स्तनको छाला सुन्तलाको बोक्रा जस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुखिनु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए, चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।


## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# भयरहित वतावरण बनाऔं

लोकतान्त्रिक व्यवस्थामा निर्वाचणले नयाँ जनप्रतिनिधी चयको एउटा थलो भएकै कारण लोकतन्त्रको आत्मा निर्वाचन भनिन्छ। जनताले आफ्नो मतमार्फत् शासक चयन गर्ने अधिकार नै लोकतान्त्रिक व्यवस्थाको मूल आधार हुन्छ तर जब निर्वाचन भय, त्रास, दबाब र हिंसाको छायाँमा सम्पन्न हुन्छ, तब त्यसले जनताको वास्तविक अभिमत प्रतिबिम्बित गर्न सक्दैन। त्यसैले भयरहित निर्वाचनको वातावरण निर्माण गर्नु अपरिहार्य हो। तर हाम्रो जस्तो गरीब मुलुकमा जब जब निर्वाचन नजिक आउँछ त्यही वेला मतदातालाई लोभलालच, डरधाक धमकी र  पैसाको प्रभावमा पर्ने मत खरिद गर्ने जस्ता गतिविधिले लोकतन्त्रलाई कमजोर बनाउँछ।

भयरहित निर्वाचनका लागि सबैभन्दा पहिले सुरक्षा संयन्त्र प्रभावकारी हुनुपर्छ। राज्यले मतदान केन्द्रदेखि मतगणनासम्मको सम्पूर्ण प्रक्रियामा नागरिकले आफू सुरक्षित महसुस गर्ने वातावरण बनाउनुपर्छ। सुरक्षाकर्मीको तटस्थता, व्यावसायिकता र सक्रियता अत्यन्त आवश्यक छ। साथै निर्वाचन आयोगले आचारसंहिता कडाइका साथ कार्यान्वयन गरी उल्लङ्घन गर्ने जो-कोहीमाथि बिना भेदभाव कारबाही गर्नुपर्छ। तर यी सवै कुरा भदौ २३ र २४ गते भएको जेनजी पूस्ताका  आन्दोलनले सबभन्दा बढी मनोवल सुरक्षा कर्मीको खसेको छ।

सत्ता प्राप्तिका लागि हिंसा, उत्तेजना र असभ्य भाषा प्रयोग गर्नु लोकतान्त्रिक संस्कृतिको अपमान हो। दलहरूले आफ्ना कार्यकर्ता र समर्थकलाई संयमित रहन निर्देशन दिनुका साथै नीति, विचार र कार्यक्रमका आधारमा प्रतिस्पर्धा गर्नुपर्छ। स्वस्थ प्रतिस्पर्धाले नै लोकतन्त्रलाई बलियो बनाउँछ। भयरहित निर्वाचन केवल राज्य वा कुनै एक पक्षको जिम्मेवारी होइन। यो सम्पूर्ण समाजको साझा दायित्व हो। त्यसैले आउनुहोस्, सबै मिलेर भयरहित निर्वाचनको वातावरण बनाऔँ र सशक्त लोकतन्त्रको जग मजबुत पारौँ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नें सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# आम निर्वाचन र जनताको मनोवृत्ति

**किरण कार्की**

नेपालको राजनीतिक इतिहासमा आम निर्वाचनहरूको शृङ्खला निकै चाखलाग्दो रहेको छ। प्राकृतिक स्रोतसाधनले सम्पन्न, साथै यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक, सामाजिक, धार्मिक र सांस्कृतिक विविधता लाई आर्थिक उपार्जनमा जोड्न सके देश कायापलट हुने प्रशस्त सम्भावना हुँदाहुँदै पनि जनता अझै गरिबीको चपेटामा पर्नु विडम्बनापूर्ण यथार्थ हो। यहाँको राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा परिवर्तन ल्याउन समयक्रमसँगै थुप्रै आन्दोलनहरू भए। अत्याचारी र निरंकुश शासकहरू हटाइए, जनप्रतिनिधिहरू छानिए तापनि देश अझै अन्योलको भुमरीभित्र रहेको छ। आफूले चुनेका जनप्रतिनिधिहरू लामो समयसम्म शासक बनेर भ्रष्टाचार, नातावाद र कृपावादमै व्यस्त रहँदा जनताको मनोबल कमजोर बनेको अवस्थामा जेन जी पुस्ताले गरेको विद्रोहले नेपालको राजनीतिक इतिहासमा ठुलो तहल्का मच्चाएको छ। हाल चुनावी सरगर्मी पनि बढेर गएको छ भने त्यसपछि बन्ने सरकारले देशलाई समृद्धिको बाटोमा डोऱ्याउने आशा राख्दै आफ्नो भविष्यको बाटो तय गर्न जनता आतुर देखिएका छन्।

नेपालमा राजनीतिक दलहरूको उदय र विकास मुख्यतया प्रजातन्त्र, निरंकुशता र गणतन्त्रसँग जोडिएको छ। करिब १०४ वर्ष लामो जहानियाँ राणा शासन (वि.सं. १९०३-२००७) कालमा राजनीतिक दलहरू खोल्न पूर्ण प्रतिबन्ध लगाइएको थियो। जनताहरू आफ्ना मौलिक हक र अधिकारबाट वञ्चित भएकोले उनीहरूभित्रको प्रजातान्त्रिक चाहना गुप्तमै राखेर विद्रोहको लागि उपयुक्त समय पर्खेर बसिरहेका थिए। संगठन निर्माण र विद्रोहको लागि मानिसहरूले धेरै प्रयास गरे तापनि उनीहरू असफल भएका थिए। अन्ततः राणाहरूको अत्याचारको विरोध गर्न र प्रजातन्त्र स्थापना गर्न भनी टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ मिलेर वि.सं. १९९३ सालमा 'नेपाल प्रजा परिषद्' गठन गरेका थिए। यो नेपालकै पहिलो संगठित राजनीतिक दल थियो।

त्यसैगरी वि.सं. २००३ सालदेखि विभिन्न नामबाट सुरु भएको पार्टी बीपी कोइराला, गणेशमान सिंहजस्ता नेताहरूको नेतृत्वमा वि.सं. २००६ सालमा नेपाली कांग्रेस नामाकरण गरियो भने सोही साल पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरियो। त्यसपछि पार्टीहरूले आफ्ना राजनीतिक तथा प्रजातान्त्रिक गतिविधिहरू भित्रभित्रै बढाइरहेका थिए र मानिसहरूलाई संगठित पार्दै गए। राणा शासकहरू अत्याचारी थिए र उनीहरू विलासिताको जीवन बिताउन तथा आफ्नै स्वार्थ पूरा गर्नमा व्यस्त रहेकाले जनतामाझ अलोकप्रिय बन्दै गए। राणा प्रधानमन्त्री मोहन शमशेरले राजा त्रिभुवनलाई नाममात्रको शासक बनाएका थिए। त्यसकारण राजा त्रिभुवनको राणाहरूसँग दूरी बढ्दै गएको थियो।

नेपाली जनताले राणाहरूको विरुद्धमा गरेको आन्दोलनलाई राजा त्रिभुवनले समर्थन गरेर निर्णायक भूमिका खेलेका थिए। यसलाई नेपाली इतिहासमा राजाको ऐतिहासिक कदम मान्नुपर्दछ। जनताहरू राणा सरकारको विरुद्धमा जुरमुराउँदै आफ्नो ज्यानको बाजी ठोकेर सडकमा आएको बेलामा राजा आफ्नो परिवारसहित दिल्ली पुगेर नेपाली कांग्रेस र प्रजातान्त्रिक पक्षधर शक्तिहरूलाई समर्थन गर्नाले राणाहरू नैतिक दबाबमा परेका थिए। यसले आन्दोलनलाई अन्तर्राष्ट्रिय मान्यता र बल दिएको थियो। वि.सं. २००७ सालमा प्रजातन्त्रको लागि क्रान्ति भयो। क्रान्ति सफल पनि भयो। धेरैले शहादत प्राप्त गरे। यस क्रान्तिले राणा शासनको अन्त्य गरी प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना गऱ्यो। नेपालमा पहिलो आम निर्वाचन वि.सं. २०१५ सालमा भएको थियो। यो चुनाव राजा महेन्द्रको शासनकालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुसारै गरिएको थियो। यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याएको थियो। बीपी कोइराला पहिलो निर्वाचित प्रधानमन्त्री बने। देशमा बहुदलीय प्रजातन्त्रको प्राप्तिसँगै राजनीतिक गतिविधिहरू पनि तीव्र गतिमा अघि बढ्दै गए।

एकातिर सरकारले जनताको मन जित्न र देशलाई विकासको अग्रगतिमा डोऱ्याउन सकेन। उनीहरू आफ्नै स्वार्थ पूरा गर्न व्यस्त रहनुका साथै जनताको जीवनस्तरमा परिवर्तन ल्याउने कुनै छाँटकाँट देखाएनन् भने अर्कोतिर राजा महेन्द्रमा सत्ता महत्त्वाकांक्षा बढ्दै गएकाले यसै कुराको मौका छोपी वि.सं. २०१७ सालमा राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात गरे। यस काण्डपछि सबै दलहरू भूमिगत भए। यसरी झन्डै ३० वर्षसम्म निरंकुश पञ्चायती व्यवस्था कायम रह्यो। नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी र अन्य थुप्रै साना पार्टीहरूले भित्रभित्रै जनतालाई आफ्ना अधिकारबारे सुसूचित गर्दै र संगठित गर्दै आफ्नो संगठन विस्तार गर्ने काम निरन्तर अगाडि बढाइरहेका थिए।

पञ्चायती सरकारले जनताका अभिव्यक्ति स्वतन्त्रता सीमित गर्न थालेको, पाठ्यक्रम र परीक्षा प्रणाली अव्यवस्थित हुँदै गएको, विद्यार्थी युनियनहरू बन्द गरिएकोले विद्यार्थीहरूलाई प्रत्यक्ष असर परेकाले वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलन भयो। विद्यार्थीहरूको दबाबका कारण राजा वीरेन्द्र शाहले जनताले बहुदल वा निर्दलीय के व्यवस्था चाहन्छन् भनी जनमतसंग्रह पनि गराए तर पञ्चायतको पक्षमा नै बहुमत आयो। यसको दश वर्षपछि फेरि वि.सं. २०४६ सालमा जनआन्दोलन भयो। यस जनआन्दोलनले ३० वर्ष लामो पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्रको पुनर्बहाली गरिदियो।

त्यसपछि मात्र राजनीतिक दल खोल्न, गतिविधि गर्न र चुनावमा भाग लिन पाउने अधिकार प्राप्त भएको हो। एकातिर वि.सं. २०४७ सालमा नयाँ संविधान जारी गरियो, जसले वाक् स्वतन्त्रता, मौलिक हक, प्रेस स्वतन्त्रता, संगठनको अधिकार, साथै नागरिकको मानव अधिकारको विस्तार गरिदियो। अब प्रमुख राजनीतिक दलहरूमा नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत अन्य थुप्रै पार्टीहरूको उदय भयो। त्यसपछि वि.सं. २०४८ सालमा दोस्रो आम निर्वाचन भयो। यस निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्यायो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने। त्यसपछि वि.सं. २०५१ सालमा आम निर्वाचन भयो। यो मध्यावधि निर्वाचन थियो। नेकपा ९एमाले० सबैभन्दा ठुलो दल बन्यो। मनमोहन अधिकारी प्रधानमन्त्री बने।

यसै समयमा नेकपा माओवादीले जनताका सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारहरू स्थापित गराउन भनी वि.सं. २०५२ साल फागुन १ गतेदेखि ४० सूत्रीय मागसहित जनयुद्ध घोषणा गरेर भूमिगत युद्ध लड्न सुरु गऱ्यो। यसले राज्यको अर्थतन्त्र, उद्योगधन्दा र मानिसहरूको जनजीवनलाई अस्तव्यस्त पारिदियो। फेरि वि.सं. २०५६ सालमा आम निर्वाचन भयो। यसपटक नेपाली कांग्रेसले बहुमत ल्याउन सफल भयो र कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने। एकातिर पार्टीहरू र जनताले आफ्ना संवैधानिक तथा राजनीतिक अधिकारहरू खोज्दा राजतन्त्रका अधिकारहरू कटौती हुने तथा अर्कोतिर राजा वीरेन्द्र पनि जनचाहनाअनुसार राजतन्त्रले समयअनुकूल जनताको मन जित्न सक्नुपर्छ भन्ने सोच राखेका हुनाले परिवार र दरबारभित्रका मानिसहरू राजाप्रति असन्तुष्ट बनेका थिए। यसले गर्दा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङको धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेका ग्रामथानको परिचय

श्याम सुन्दर सुतिहार

**१. ग्रामथान सोराभाग (नहरदेखि पूर्व उत्तर)**

धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेको शिवशक्ति माध्यमिक विद्यालयदेखि पूर्व-उत्तरतर्फ करिब एक किलोमिटरको दूरीमा, खेतको बीचमा ग्रामथान सोराभाग रहेको छ। यसको स्थापना कहिले भएको हो भन्ने कसैलाई थाहा छैन। तर बाबुबाजेको पालादेखि पूजापाठ हुँदै आएको बताउँछन्, ५८ वर्षीय पूजारी विजय मण्डल (धामी)।

मण्डलका अनुसार सुरुमा बाँस, कर्ची र पराल प्रयोग गरेर सानो घर बनाई पूजापाठ गरिन्थ्यो। त्यसपछि गाउँबासीको सहयोगमा काठको खम्बा र टिनको छाना प्रयोग गरी ग्रामथानको घर बनाइएको थियो। पाँच वर्षअघि गाउँपालिका, वडा र स्थानीयको सहयोगमा पश्चिम फर्किएको दुई कोठा, दक्षिण फर्किएको दुई कोठा र पूर्व फकिएको एक कोठाको सानो सानो भवन निर्माण गरियो। त्यसैमा हालसम्म पूजापाठ हुँदै आएको छ।



यस ग्रामथानमा पहिले पाठापाठी, परेवा आदि बलि दिइन्थ्यो। तर पछिल्लो २० वर्षदेखि बैष्णवी परम्पराअनुसार फलफूल, मिठाइ, पान, सुपारी लगायतका पूजासामग्री प्रयोग गरी हरेक वर्ष वैशाख १० गते पूजापाठ गर्ने र मेला लाग्ने गर्दछ। पूजारी धामीका अनुसार यहाँ गरिएको भाकल पूरा भएपछि प्रसाद चढाउन मानिसहरू आउने गर्छन्। ग्रामथान करिब १० धुर जग्गामा फैलिएको छ।

**२. ग्रामथान सोराभाग (सडकदेखि पूर्व)**

धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेको शिवशक्ति माध्यमिक विद्यालयदेखि दक्षिणतर्फ करिब एक किलोमिटर दूरीमा, सडकको पूर्वपट्टि ग्रामथान सोराभाग अवस्थित छ।

यहाँ पूर्वफर्किएका तीन कोठा, दक्षिण फकिएका दुईकोठा र उत्तरफर्किएका दुई कोठा रहेको तीनवटा साना साना मन्दिरहरूछन्। यस ग्रामथानमा बागेश्वरी, नागनागिनी, कंकालिनी-चण्डालिनी, बाधबधुबार, भलुवा राजा आदि देवताहरूको पूजापाठ गरिन्छ।



प्रत्येक वर्ष वैशाख ११ गते स्थानीय विजय कुमार सिंह (धामी) द्वारा पूजा गरिन्छ। पहिले बलि दिने चलन रहेछ। विगत २५ वर्षदेखि बैष्णवी परम्पराअनुसार फलफूल, मिठाइ, धूप र अगरबत्तीको प्रयोग गरी पूजापाठ गरिन्छ। यहाँ गरेको भाकल पनि पूरा हुन्छ भन्ने भनाइ छ।

**३. मझीथान र जाहेरथान डकुवाडागा**

धनपालथान वडा नं. ३, डकुवाडंगामा अर्थात कर्सिया बजारदेखि दुई किलोमिटर पूर्व र भलवा चोकदेखि एक किलोमिटर दक्षिणमा पर्ने डकुवाडागामा सन्थान सुमदायको पूजास्थल मझिथान र जाहेरथान रहेका छन्।

लिलमनी हेमरम लगायत सन्थाल अगुवाहरूका अनुसार मझिथान र जाहेरथान वडा नं. ६ मा पनि रहेको छ। पूजा विधि दुवै ठाउँमा उस्तै नै रहेको हुन्छ, खासै भिन्नता छैन। यहाँ पनि पूजास्थलमा विहान सबेरै गोबरले लिप्ने, सिन्दुर, सखुवा/भाँट फूल, लड्डु, हण्डी, दूध, सुपारी आदि चढाएर पूजा गर्ने चलन छ। पूजा गरिसकेपछि पुजारीबाट आशीर्वाद लिने र शिकार खेल्न जाने चलन यहाँ पनि यथावत् नै रहेको छ।





तर, वडा नं. ३ का धेरै सन्थालहरू हाल क्रिश्चियन धर्मतर्फ आकर्षित हुँदै गएको देखिएकोले परम्परागत थानहरूको संरक्षण र विकासमा ध्यान दिनुपर्ने अवस्था सिर्जना भएको अगुवाहरूको चिन्ता छ। सन्थाल समुदायको धार्मिक, सांस्कृतिक पहिचान जोगाउन आवश्यक छः

सन्थाल सुमदायका अगुवा मंगल हेमरमले मझिथान र जाहेर थानमा पक्की संरचना बनाएर पूजालाई व्यवस्थित गर्न सकिने बताउँछन् तर त्यसका लागि आवश्यक रुकम उनीहरुसँग छैन। सरकारकै मुख ताक्नुपर्ने अवसथा छ।

धर्म-संस्कृति संरक्षणको कार्यक्रम ल्याउने विषयमा छलफल भइरहेको बताउँदै उनले धर्म परिवर्तनतर्फ उन्मुख समुदायलाई उचित शिक्षा, स्वास्थ्य, परामर्श र राजनीतिक सहभागिता दिलाउन आवश्यक रहेको बताउँदै हेमरनले धार्मिक स्थलहरूको दर्ता र संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने सुझाव दिन्छन्।

# विभिन्न जिल्लाबाट लागुऔषध सहित ९ पक्राउ

विराटनगर। विभिन्न जिल्लाहरुबाट प्रतिवन्धित लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेका छन्।

माघ २३ गते झापाको अस्थायी प्रहरी चौकी बसपार्क, अनारमनीबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा-११ बसपार्क स्थितबाट चेकजाँचको क्रममा इलामको इलाम नगरपालिका-६की रोमिक श्रेष्ठको साथबाट ११० मिलिग्राम लागु औषध फेला पारी नियन्त्रणमा लिएको थियो।

धनकुटाको धनकुटा नगर पालिका-६ औधोगिकग्राम स्थितमा जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलीले सोही स्थानका सुमन भुजेलको साथबाट २५४ पिस प्रतिबन्धित औषधी फेला पारी नियन्त्रणमा लिएको थियो।

त्यसैगरी माघ २१ गते कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समुह (एक्ष्त) बाट खटिएको प्रहरी टोलीले धनकुटाको साँगुरीगढी गाउँ पालिका-१ स्थितबाट ३३ किलो ५०० ग्राम लागू औषध गाँजा सहित सोही स्थानका ५४ वर्षिय ज्ञान वहादुर लिम्वुलाई पक्राउ गरेको थियो।

चेकजाँचकै क्रममा प्रहरी चौकी मुलघाटबाट खटिएको प्रहरी टोलीले साँगुरिगढी-६ फेदि स्थितमा सडक साईडमा रहेको टाटा सफारी गाडीलाई संका लागी चेकजाँच गर्दा उक्त गाडीबाट ९० किलो २३० ग्राम लागू औषध गाँजा बरामद गरेका थियो। बा.१० च ५६१५ नम्बर को नक्कली नम्वर लगाई गाँजा बोकेको उक्त गाडी बीर ११ एच ४८७४ नम्बरको रहेको बुझिएको थियो। ओसार पसारमा संलग्न व्यक्तिको खोजतलास भईरहेको छ।

माघ २१ गते झापाको इलाका प्रहरी कार्यालय अनारमनी र लागु औषध नियन्त्रण ब्युरो काकडभिट्टाको प्रहरी टोलीले बिर्तामोड नगर पालिका-२ चैतुबारी स्थितबाट लागूऔषध ओसार पसारमा संलग्न बिर्तामोड-४ का शुसिल वि.क र प्रकाश वि.कलाई ६ ग्राम ८३० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सोही दिन मोरङको इलाका प्रहरी कार्यालय रानी र लागु औषध नियन्त्रण ब्यूरो विराटनगरको प्रहरी टोलीले बिराटनगर-१६ दरैया स्थितबाट सुन्दरहरैचा-५ का खड्क नारायण चौधरीलाई ५ ग्राम ५० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

माघ २० गते सुनसरीको कोशी गाउँपालिका-१ र भोक्राहा नरसिंह गाउँपालिका-६ स्थितबाट धनकुटा नगरपालिका-९ का सुक्दिप राई र सहिदभुमी गाउँपालिका-४ का साजन राईलाई १० ग्राम ५२ मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

सप्तरीका इश्वर प्रसाद भगतलाई ३ ग्राम ०४ मिलीग्राम





## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- सडक बाटोको अतिक्रमण नगरौ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।

जहदा गाउँपालिका
सुनसरी, कोशी प्रदेश

# छापाखाना ऐनको अन्योलले प्रेस स्वतन्त्रता संकटमा

काठमाडौं । संशोधित छापाखाना तथा प्रकाशन ऐन र नियमावली कार्यान्वयनका क्रममा उत्पन्न कानुनी तथा संरचनागत अन्योलका कारण प्रदेश सरकारअन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालयमा हुँदै आएको अनलाइन सञ्चार माध्यमको दर्ता र पत्रकार परिचयपत्र नवीकरण प्रक्रिया पूर्ण रूपमा अवरुद्ध हुनु प्रेस स्वतन्त्रतामाथिको गम्भीर प्रहार भएको नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले ठहर गरेको छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव रमेश कुमार बोहोराले २०८२ माघ २० गते मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा संघीय तहमा स्पष्ट कानुनी व्यवस्था, कार्यविधि र निर्देशन नहुँदा प्रदेश सरकार तथा सम्बन्धित कार्यालयहरू निर्णय विहीन अवस्थामा पुगेको उल्लेख गर्दै यस्तो अवस्था सामान्य प्रशासनिक समस्या नभई पत्रकारको पेशागत निरन्तरता, प्रेस स्वतन्त्रता र संघीय शासन प्रणालीको व्यवहारिक अभ्यास माथिको प्रत्यक्ष आघात भएको स्पष्ट गरिएको छ ।

विज्ञप्तिमा हालको अन्योलका कारण नयाँ अनलाइन सञ्चार माध्यमको दर्ता मात्र रोकिएको नभई यसअघि कानुनी रूपमा दर्ता भई सञ्चालनमा रहेका सयौं अनलाइन सञ्चार माध्यम तथा पत्रकारहरूको परिचयपत्र नवीकरण प्रक्रिया समेत ठप्प भएको जनाइएको छ । यसको प्रत्यक्ष असर पत्रकारहरूमा परेको उल्लेख गर्दै परिचयपत्र नवीकरण हुन नसक्दा संस्थागत मान्यता अद्यावधिक गर्न



लेखक : रमेश कुमार बोहोरा

समस्या उत्पन्न भएको, सरकारी तथा सार्वजनिक सूचनामा पहुँच कमजोर भएको र औपचारिक कार्यक्रमको कभरेजमा समेत गम्भीर अवरोध सिर्जना भएको सचिव रमेश कुमार बोहोराले प्रेस विज्ञप्तिमा उल्लेख गरेको छन् ।

सचिव बोहोराद्वारा जारी विज्ञप्तिमा यस्तो अवस्था संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रताको मर्मसँग स्पष्ट रूपमा विपरीत रहेको उल्लेख गरिएको छ । संघीय संरचनाअनुसार सञ्चार क्षेत्रको व्यवस्थापन र नियमन बहुस्तरीय अधिकार क्षेत्रभित्र पर्ने भए पनि संशोधित कानुन कार्यान्वयनको स्पष्ट खाका, जिम्मेवारीको विभाजन र अन्तरसरकारी समन्वय नहुँदा प्रदेश सरकार र सञ्चार रजिष्ट्रारको कार्यालय स्वयं अन्योलमा परेको शाखाको ठहर छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले वर्तमान अवस्थाले पत्रकारिता क्षेत्रलाई गम्भीर अनिश्चितताको घेरामा धकेलेको भन्दै यसको दीर्घकालीन असर सूचना प्रवाह प्रणाली, नागरिकको सूचनाको हक तथा समग्र लोकतान्त्रिक अभ्यासमै पर्ने स्पष्ट देखिइसकेको जनाएको छ ।

सचिव रमेश कुमार बोहोराले जारी गरेको विज्ञप्तिमा सम्बन्धित निकायका नेतृत्व तहका पदाधिकारीहरू पदावधिको अन्तिम चरणमा प्रवेश गरिसकेको विषय सार्वजनिक रूपमा उठिरहेको अवस्थामा समेत कम्तीमा प्रदेश सरकारअन्तर्गत सञ्चार रजिष्ट्रारको कार्यालयमा दर्ता भएका अनलाइन सञ्चार माध्यम र पत्रकार परिचयपत्र नवीकरण प्रक्रिया तत्काल सुचारु गर्न आवश्यक नीतिगत निर्णय तथा प्रशासनिक सहजीकरण गर्नु राज्यको अनिवार्य दायित्व भएको उल्लेख गरिएको छ ।

महासंघले यो विषय कुनै एक संस्था, समूह वा केही पत्रकारको मात्र सरोकारको विषय नभई समग्र सञ्चार क्षेत्र, नागरिकको सूचनामा पहुँच र लोकतान्त्रिक प्रणालीको विश्वसनीयतासँग प्रत्यक्ष रूपमा जोडिएको राष्ट्रिय सरोकारको विषय भएको स्पष्ट पारेको छ । संघीय तहको कानुनी अन्योलका कारण पत्रकारिता अभ्यास नै अवरुद्ध भइरहने अवस्था स्वयं राज्यका लागि पनि स्वीकार्य हुन नसक्ने चेतावनी समेत विज्ञप्तिमा समेटिएको छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सम्बन्धित सबै निकायलाई यथाशीघ्र स्पष्ट कार्यविधि निर्माण गरी प्रदेश सरकार तथा सञ्चार रजिष्ट्रारको कार्यालयसँग प्रभावकारी समन्वय गर्दै रोकिएको अनलाइन सञ्चार माध्यम दर्ता तथा पत्रकार परिचयपत्र नवीकरण प्रक्रिया तत्काल सुचारु गर्न जोडदार माग गरेको छ । साथै संक्रमणकालीन अवस्थाका लागि अन्तरिम व्यवस्था लागू गरी पत्रकारहरूको पेशागत अधिकार, पहिचान र काम गर्ने वातावरण सुनिश्चित गर्न राज्य गम्भीर र जिम्मेवार ढंगले अघि बढ्नुपर्नेमा विशेष जोड दिइएको छ ।

सचिव रमेश कुमार बोहोराले जारी गरेको विज्ञप्तिमा यस गम्भीर र संवेदनशील विषयमा सम्बन्धित निकायबाट शीघ्र, जिम्मेवार र ठोस पहल हुने अपेक्षा व्यक्त गर्दै नेपाल पत्रकार महासंघ काठमाडौं शाखा आवश्यक दबाब तथा समन्वय का लागि निरन्तर सक्रिय रहने प्रतिबद्धता जनाएको छ ।

# आर्जुका पेड औषधीय वृक्ष

अर्जुनका पेड औषधीय वृक्ष

अर्जुन का पेड़ आयुर्वेद और पारंपरिक चिकित्सा में अत्यंत महत्वपूर्ण औषधीय वृक्ष माना जाता है । इसे हृदय रोगों की “अमृत औषधि” कहा जाता है, क्योंकि इसकी छाल हृदय को मजबूत करने और रक्त संचार बेहतर करने में सहायक मानी जाती है । अर्जुन का पेड़ नेपाल और भारत के अधिकांश हिस्सों में नदियों, तालाबों और जलस्रोतों के किनारे स्वाभाविक रूप से पाया जाता है । यह औषधीय होने के साथ-साथ पर्यावरण के लिए भी बेहद लाभकारी वृक्ष है ।

- अर्जुन के औषधीय गुण और लाभ

१. हृदय रोगों में लाभकारी :-
अर्जुन की छाल हृदय की पेशियों को मजबूत बनाती है और रक्त प्रवाह को नियंत्रित करती है । यह ब्लड प्रेशर, कोलेस्ट्रॉल और हृदय की धड़कन की अनियमितता में अत्यंत लाभ देती है । आयुर्वेद में इसे “हृदय-बल्य” – यानी हृदय को शक्ति देने वाली औषधि कहा गया है ।

२. रक्त शुद्धिकरण में सहायक :-
अर्जुन की छाल में एंटीऑक्सिडेंट और एंटीबैक्टीरियल गुण पाए जाते हैं, जो शरीर से विषैले तत्वों को बाहर निकालने में मदद करते हैं और रक्त को शुद्ध करते हैं ।

३. हड्डियों और घावों के लिए उपयोगी :-
अर्जुन की छाल का लेप हड्डी के फ्रैक्चर, सूजन या घावों पर लगाने से लाभ मिलता है। इसके एंटी-इंफ्लेमेटरी गुण सूजन और दर्द को कम करते हैं ।

४. श्वसन और खांसी में राहत :-
अस्थमा, खांसी या सांस की तकलीफ में अर्जुन छाल का काढ़ा या चूर्ण लाभकारी होता है। यह श्वसन तंत्र को मजबूत बनाता है और बलगम को कम करता है ।

५. दस्त और मूत्र रोगों में लाभकारी :-
अर्जुन की छाल का काढ़ा दस्त, पेचिश और मूत्र संक्रमण में लाभदायक है। मूत्र में जलन या संक्रमण की स्थिति में इसका सेवन राहत देता है ।

अर्जुन के सेवन के प्रमुख तरीके –

१. अर्जुन छाल का काढ़ा :-
एक चम्मच अर्जुन छाल का चूर्ण दो कप पानी में डालकर उबालें, जब तक पानी आधा न रह जाए । छानकर सुबह और शाम सेवन करें ।

२. अर्जुन दूध :-
एक चम्मच छाल का चूर्ण दूध में उबालकर पीने से हृदय रोगों में विशेष लाभ होता है ।

३. अर्जुन चूर्ण :-
आधा से एक चम्मच अर्जुन चूर्ण सुबह और शाम गुनगुने पानी या दूध के साथ लें ।

सावधानियाँ –

- अधिक मात्रा में सेवन करने से ब्लड प्रेशर कम हो सकता है।
- गर्भवती और स्तनपान कराने वाली महिलाओं को चिकित्सक की सलाह से ही इसका सेवन करना चाहिए ।
- लंबे समय तक नियमित सेवन से पहले किसी आयुर्वेदिक चिकित्सक से परामर्श अवश्य करें ।
- अर्जुन का पेड़ न केवल औषधीय दृष्टि से अमूल्य है, बल्कि यह पर्यावरण की शुद्धि में भी अहम भूमिका निभाता है। अगर यह जानकारी उपयोगी लगी हो, तो पोस्ट को लाइक करें और हमारे फेसबुक पेज को फॉलो करना न भूलें ।

# प्रगतिलाई बढाउने गरी काम गर्न मुख्यमन्त्रीका निर्देशन

प्रगतिलाई बढाउनेगरी काम गर्न मुख्यमन्त्रीको निर्देशन

विराटनगर । न्यून प्रगतिलाई बढाउनेगरी काम गर्नको लागि निर्देशन मुख्यमन्त्री हिक्मत कार्कीले निर्देशन दिएका छन् ।

विराटनगरमा सोमवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशीले आयोजना गरेको प्रदेश मन्त्रालय स्तरीय विकास समस्या समिति को बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले बजेट प्रगति न्यून भएकाले अन द स्पोर्ट कार्यालयमा नै गएर छलफल गरी कार्य प्रगति बढाउन निर्देशन दिएको थियो ।



मुख्यमन्त्री कार्कीले दुई तीन वर्षदेखि निरन्तर बजेट राखिने तर त्यो कार्यान्वयन नहुने अवस्था भएमा तत्कालै हटाउन पनि निर्देशन दिदै उहाँले भन्नुभयो एउटै काम पनि घनचक्कर, जस्तो घुमिरहने तर प्रगति नहुने अवस्थाको अब अन्त हुनुपर्छ ।, मन्त्रालयभित्रकै कमीकमजोरी हरूलाई चाँडोभन्दा चाँडो हटाएर कामलाई द्रुत गतिमा अगाडि बढाउन आग्रह आग्रह गरेका छन् । कर्मचारी राजनीतिज्ञ र स्थानीय तहले समस्यालाई ठिक ढंगले बुझ्न नसक्दा पनि समस्या भएको चर्चा गर्दै यी सबै क्षेत्रले आफ्नो अधिकार र कामलाई बुझेर अगाडि बढ्न सके प्रगति हुने उहाँले दाबी गर्दै प्रदेशलाई केन्द्रले पनि सहयोग नगरिरहेको वताए । उहाँले भन्नुभयो, कुनै पनि विषयमा प्रदेशमा पटकपटक छलफल हुन्छ र त्यो विषय केन्द्रमा पनि छलफल गरिन्छ हुन्छ भन्नुहुन्छ तर हुँदैन यसले पनि काम गर्न गाह्रो भइरहेको छ ।,

यातायातको अधिकार प्रदेशमा छ तर यहाँको यातायातबाट उठेको जरिमाना केन्द्र सरकारले लैजान्छ । २०७५ सालदेखि यही कुरा उठाइरहेका छौं तर केन्द्रले सुन्दैन, त्यस्तै लाइसेन्स छपाईको अधिकार पनि प्रदेशमा छ । तर केन्द्रले त्यसलाई पनि सहज रुपले हस्तान्तरण गर्दैन । यसका कारण पनि समस्या रहेको मुख्यमन्त्री कार्कीले वताए ।

बैठकमा कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्र पौडेलले ऐन कानुन संशोधन र पुनर्निर्माण र सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्ने मा जोड दिएका थिए ।


## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- वडा तथा गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकाका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडा भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं ।
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
- सामाजिक विवादलाई भिडेर होईन ,छलफलबाट हल गरौ ।
- बिबाह दर्ता ,जन्म दर्ता,मृत्यु दर्ता, बसाइँसराइ दर्ता लगायतका पञ्जिकरण गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।

धनपालथान गाउँपालिका
मोरंग कोशी प्रदेश

## आम निर्वाचन...

राजदरबारभित्र शक्ति, उत्तराधिकार र सम्बन्धका कुराहरूमा खटपट हुन थालेको थियो ।

फलस्वरूप वि.सं. २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्ड घट्यो । राजा वीरेन्द्र शाह र उहाँका परिवारका सदस्यहरूको हत्या भयो । त्यसपछि राजा ज्ञानेन्द्र शाहको हातमा सत्ता आयो । राजा ज्ञानेन्द्र शाहले पनि पार्टी र जनचाहनाअनुसार राज्य सञ्चालन गर्न चाहेनन् मात्र होइन, आफैंले सत्ता हत्याउने दाउपेच गर्न थाले । उनले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा वि.सं. २०५९ जेठ ८ गते संसद विघटन गरी प्रत्यक्ष शासन गर्न सुरु गरे । राजा र राजनीतिक पार्टीहरूबीच शक्ति र सत्ताको खिचातानी झनै बढ्दै गइरहेको थियो भने त्यस समयमा माओवादीहरूले पनि आन्दोलनलाई उत्कर्षमा पुऱ्याएका थिए । त्यसपछि प्रजातान्त्रिक तथा वामपन्थी सबै दलहरू एक ठाउँमा आएर गठबन्धन गरी राजतन्त्रको विरुद्धमा लड्ने निर्णय गरे । फलस्वरूप वि.सं. २०६२ चैत्रदेखि २०६३ वैशाखसम्म निरंकुश राजतन्त्रको अन्त्य गर्न निर्णायक आन्दोलन भयो । अन्ततः यस जनआन्दोलनले करिब २४० वर्ष लामो इतिहास बोकेको राजतन्त्रको अन्त्य गरी बहुदलीय लोकतान्त्रिक प्रजातन्त्रको पुनर्बहाली गरिदियो ।

वि.सं. २०६३ मंसिर ७ गते अन्तरिम संविधान जारी गरियो र वि.सं. २०६४ चैत्र २८ गते पहिलो संविधान सभा निर्वाचन भयो । यस चुनावमा नेकपा माओवादी पहिलो पटक राजनीतिको मूलधारमा आयो र बहुमत ल्याएर सबैभन्दा ठुलो दल पनि बन्यो । वि.सं. २०६५ साल जेठ १५ गते औपचारिक रूपमा राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । पहिलो संविधान सभा (वि.सं. २०६४-२०६७) ले गणतन्त्रको घोषणा त गऱ्यो तर कतिपय राष्ट्रियता र समावेशीका कुराहरू मा सहमति जुटाउन नसकेकाले संविधान निर्माण गर्न असफल भयो । यसर्थ, वि.सं. २०७० सालमा दोस्रो संविधान सभाको पुनःनिर्वाचन भयो र नेपाली कांग्रेस सबैभन्दा ठुलो दल बन्यो । यस पटक भने पहिलो संविधान सभामा विवादित रहेका विषयहरूमा सहमति जुटाइयो र संविधान निर्माण कार्य सम्पन्न गरी वि.सं. २०७२ साल असार ३ गते नयाँ संविधान जारी गरियो । यस प्रकारको महत्त्वपूर्ण कार्यले नेपाली जनतामा खुसी ल्याउनु स्वाभाविकै थियो । नयाँ संविधानअनुसार संघीय संरचनामा वि.सं. २०७४ सालमा संघीय संसदको आम निर्वाचन भयो ।

यस निर्वाचनमा नेकपा एमाले-माओवादी गठबन्धनले बहुमत प्राप्त गऱ्यो । केपी शर्मा ओली प्रधानमन्त्री बने । संघीय संसदको दोस्रो निर्वाचन वि.सं. २०७९ सालमा भयो तर निर्वाचनमा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेनन् । त्यसैले विभिन्न दलहरूको गठबन्धनबाट सरकार बन्यो । यसपटक पुष्पकमल दाहाल ‘प्रचण्ड’ प्रधानमन्त्री बने ।

नेपालको इतिहासको विभिन्न कालखण्डमा धेरै पटक जनआन्दोलनहरू भए तर जनताका चाहनाहरू परिवर्तनको गर्भभित्रै खुम्चिएर रहे । नेपाली जनता आफ्ना हक, अधिकार र देश विकासका लागि शासकहरूसँगको संघर्षमा खरो उत्रिए, धेरैले आफ्नो ज्यानको आहुति दिए । सत्ता पल्टाए तर उनीहरूको जीवनस्तरमा कहिल्यै सुधार आउन सकेन । नेताहरूले यस कुरामा ध्यान पुऱ्याउन नसक्नु विडम्बनाको कुरा थियो । उनीहरूले सोझासाझा र गरिब जनताबाट भरपुर फाइदा उठाएर देश विकासभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्नमै तल्लीन रहे । बरु राजनीतिक खिचातानी, चरम भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जान थाल्यो । कुनै पनि व्यवस्था स्वयं नराम्रो हुँदैन जब नेताहरू इमानदार हुन्छन् । यसर्थ, देश बर्बादीको भुमरीमा पुग्नुमा सबैभन्दा प्रमुख कारक तत्त्व भनेको राजनीतिक नेतृत्वको लापरबाही, दलगत स्वार्थ र भ्रष्टाचार नै हो । देशमा ठुला-ठुला भ्रष्टाचारका काण्डहरू भए । यी काण्डहरूको छानबिन गर्न आयोग पनि गठन गरियो । रिपोर्ट पनि तयार पारिए । दोषी पत्ता लगाइयो । तर ती सबै कुरा लुकाएर राखियो । दोषीलाई उन्मुक्ति दिइयो । जसले भ्रष्टाचार गरेका थिए उनीहरूलाई नै झन् पुरस्कृत गर्न थालियो ।

देशमा अप्रिय र त्रासदीपूर्ण हत्या र बलात्कारका घटनाहरू बढ्दै गए । सरकारले आर्थिक उदारीकरणको नाममा विभिन्न समयमा स्थापना गरिएका स्वदेशी उद्योगधन्दालाई प्रोत्साहन र प्रवर्द्धन गर्नुको साटो निजीकरणमा लग्यो । त्यस्तै उद्योगहरूमा ट्रेड युनियनको प्रभाव, लोडसेडिङ र तालाबन्दीले गर्दा काम गर्ने वातावरण हराउँदै जान थाल्यो । उदारीकरणको नाममा उद्योगहरूलाई धरासायी बनाई विदेशबाट आयात गर्ने नीति सरकारले लियो । यसले गर्दा स्वदेशी उद्योगहरूलाई विदेशी उद्योगहरूसँग प्रतिस्पर्धा गर्न निकै कठिन हुने वातावरण सिर्जना हुँदै गयो । स्थापना गरिएका उद्योगधन्दालाई कवाडीको मूल्यमा ठुलो कमिसन लिएर बेच्न थालियो । कतिपय उद्योगहरू बन्द हुँदै जान थाले र रोजगारीका अवसरहरू पनि गुम्दै गए । देशमा बेरोजगारीको सङ्ख्या दिनप्रतिदिन बढ्दै जान थाल्यो ।

युवाहरूलाई रोजगारीका लागि विदेश जान बाध्य बनाइयो । कतिपय युवाहरू आफ्नो परिवार पाल्नका लागि चर्को शोषण, थोरै तलबमा खाडी मुलुकमा गएर काम गर्न बाध्य भए भने धेरै सक्षम युवाहरू देश छोडेर युरोप, अमेरिका, अस्ट्रेलिया, यूके आदि देशमा पीआर तथा नागरिकता लिएर बस्न थाले । यहाँको अन्योलपूर्ण, अस्थिर र असुरक्षित वातावरणले गर्दा उनीहरू देशमा फर्कन मन पराउँदैनन् । देश दिनप्रतिदिन गरिबीको खाडलतिर धकेलिँदै असफल राष्ट्रको बाटोतिर जान थालेको छ ।

जनताको भावना, इच्छा तथा आकांक्षाअनुसार राज्य सञ्चालन गरी देश विकासोन्मुख हुनुपर्नेमा भ्रष्टाचार, नातावाद, कृपावाद बढ्दै जानु र जनताका मौलिक हक अधिकारमाथि प्रतिबन्ध लगाउनेतर्फ राज्य जान थाल्नु अवश्य पनि राम्रो संकेत थिएन । अहिलेका युवा पुस्ताले आफ्नो परिवार, साथीभाइहरूसँगको मित्रता, साथै रोजगारका अवसर समेतमा पहुँच राख्ने सामाजिक सञ्जाल उनीहरूका लागि मुटुको धुकधुकी नै बनेको समयमा यस्ता सामाजिक सञ्जालमाथि सरकारले प्रतिबन्ध लगाउनु सरकारको ठुलो कमजोरी थियो । फलस्वरूप, युवाहरू आक्रोशित भए र यसको विरुद्धमा आवाज उठाए । जेन जीहरूको शान्तिपूर्ण आन्दोलन ९वि.सं. २०८२ भदौ २३० लाई दबाउन सरकारले निर्मम तरिकाले गोली चलायो । १९ जना विद्यार्थीहरूसहित ७६ जनाले शहादत प्राप्त गरे ।

भोलिपल्ट वि.सं. भदौ २४ गते यस घटनाको विरोधमा सम्पूर्ण जनता सडकमा निस्कन बाध्य भए र सरकारको विरोध गरे । यस दिनको आक्रोशित र अनियन्त्रित भिडले संसद् भवन, सिंहदरबार, प्रमुख न्यायिक संरचनाहरू, देशभरिका विभिन्न सरकारी कार्यालयहरू तथा राजनीतिक नेताहरूको आवासमा समेत आगो लगायो र ध्वस्त बनायो । देशमा ठुलो धनजनको क्षति भयो । यो दिन नेपालको प्रजातान्त्रिक इतिहासकै कालो दिन बन्न पुग्यो । यस घटनाले गर्दा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा मात्र दिएनन्, सेनाले हेलिकप्टरबाट उद्धार गरेर गोप्य ठाउँमा लुकाउन ुपऱ्यो । मन्त्रीहरूले राजीनामा दिए । कतिपय राजनीतिक दलका नेताहरू निर्घात कुटिए र घाइते बने । जेन जी आन्दोलनले सत्ता मात्र पल्टाइदिएन, पार्टीहरू महिनौं सम्म गुमनाम रहन बाध्य भए । देश सरकारविहीन अवस्थामा पुग्यो । त्यस समयमा नेपाली सेनाले स्थितिलाई नियन्त्रणमा लियो र देशलाई असफल राष्ट्र हुनबाट बचायो । प्रधानसेना पतिको अगुवाइमा जेन जी युवाहरू र राष्ट्रपतिको बीच वार्ता गराई सरकार गठन गर्ने वातावरण बनाइयो र निवर्तमान सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन गरियो ।

अन्तमा, नेपाली राजनीतिक इतिहासमा जनताले आफ्ना अधिकारका लागि ठुला संघर्ष र बलिदानहरू गरेर आम निर्वाचन हरूबाट जनप्रतिनिधिहरूको नयाँ सरकार गठन गरिए तापनि जनताका गाँस, बास र कपासको अधिकार सुनिश्चित गरी देश समृद्धिको बाटोतर्फ अघि नबढेकाले जेन जी पुस्ताले देशको राजनीतिक अवस्था बदल्न आन्दोलन गरेका हुन् । यस पुस्ताले गरेको आन्दोलनले जनताले समयसापेक्ष आफ्ना मागहरू पूरा गर्न सक्ने सक्षम, इमानदार र देशप्रेमी जनप्रतिनिधिहरू छनोट गरी आफ्नो अधिकारको सदुपयोग गर्नु नितान्त आवश्यक देखिएको छ ।

आफ्नो जिम्मेवारी पूरा गर्दै जनताको अधिकार सुनिश्चित गर्न सरकार कम्मर कसेर चुनाव गराउनुको विकल्प छैन । आगामी चुनावमा नयाँ राजनीतिक दलहरूको आगमनले पुराना दलहरूलाई चुनौती दिएको मात्र छैन, उनीहरूको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा रहेको बेलामा कतिपय पुराना राजनीतिक दलहरू अग्निपरीक्षाको तराजुमा जोखिनुपर्ने ठुलो चुनौती आएको छ । आगामी आम निर्वाचन वि.सं. २०८२ लाई विशेष गरी जेन जी पुस्ताले आफ्नो भविष्य कोर्ने सुनौलो अवसरको रूपमा लिएको देखिन्छ । सरकारलाई उम्मेदवारहरू र जनताको शान्तिसुरक्षा सुनिश्चित गराउनुपर्ने चुनौती थपिएको छ । सरकार, राजनीतिक दल र जनता संयमित भई शान्तिपूर्ण चुनाव सम्पन्न गराउन सबैले सहयोग गर्नुपर्दछ । अबको आम निर्वाचन पश्चात गठन हुने सरकारले देशलाई भ्रष्टाचारमुक्त बनाई राष्ट्रको उन्नति र समृद्धिको बाटोमा डोऱ्याउनेछ भन्ने जनताले ठुलो आशा राखेका छन् । रातोपाटीबाट सभार

# स्क्रिनिङ र स्तन परिक्षण




विराटनगर । नेपाल पत्रकार महासंघ मोरंले विश्व क्यान्सर दिवसको अवसरमा भिया स्क्रिनिङ्ग र स्तन (ब्रेष्ट) परिक्षण र क्यान्सर रोग सम्बन्धि जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

विराट टिचिङ्ग हस्पिटलको प्रविधिक सहयोगमा महिला पत्रकारहरूलाई लक्षित गरी गरिएको भिया स्क्रिनिङ्ग र ब्रेष्ट परिक्षणमा १७ जना सहभागी भएका थिए । परिक्षण पछि केहीलाई थप परिक्षणको लागि विराट टिचिङ्ग हस्पिटल आउन भनेको महासंघले जनाए ।

स्क्रिनिङ्ग र ब्रेष्ट परिक्षणपछि पत्रकारहरूसँगको छलफलमा बिराट मेडिकल कलेजकी क्यान्सर रोग बिशेषज्ञ डाक्टर अस्मिता रायमाझीले क्यान्सर रोगका बारेमा जनचेतनामूलक सामग्री प्रस्तुत गरेका थिए ।

उहाँले आत्मविश्वासका साथ क्यान्सर रोगको उपचार गराए जुनसुकै क्यान्सरबाट पनि बाच्न सकिने बताए ।

सुरुवाती अवस्थामा पहिचान गरेर उपचार गरेमा महिलामा हुने स्तन क्यान्सर, पाठेघर क्यान्सर र पाठेघर मुखको क्यान्सरबाट बच्न सकिने वताए ।

फोक्सोको क्यान्सर, पेटको क्यान्सर, खाने नलीको क्यान्सर पित्त थैलीको क्यान्सर, पिसाब थैलिको क्यान्सर, प्रोस्टेट ग्रन्थि लगायत शरिरमा हुने अन्य क्यान्सर रोगहरू चुरोट, तम्वाखु खान, धुवाँको प्रकोप, चिल्लो खानपिन र वनशानुगतबाट समेत क्यान्सर रोग लाग्ने वहाँको भनाइ थियो ।

क्यान्सर रोग सुरुको अवस्थामा पत्ता लाएर उपचार गर्दा ९५ प्रतिशत निको हुने सम्भावना रहन्छ । अन्तिम अवस्थाको क्यान्सर छ, भने पनि १२ देखि १३ प्रतिशत निको हुने विश्व स्वास्थ्य संगठनको तथ्याङ्कमा रहेकको उहाँले जानकारी गराउदै अहिले क्यान्सर भन्ने वित्तिकै आत्तिहाल्नुपर्ने अवस्था नरहेको डाक्टर रायमाझीको भनाइ थियो ।

हस्पिटलकी ग्रामीण मिडिया कोडिनेटर लिना थापाले महिलाको सम्पत्ति पाठेघर नै भएकाले महिला दिदीबहिनीहरू ले विशेष ख्याल गर्नुपर्ने वताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ मोरङ शाखाकी अध्यक्ष सुशिला पाठक, कोशी प्रदेशका उपाधयक्ष कुमोद अधिकारी, महासचिव हेमा चेम्जोङले क्यान्सर रोग सम्बन्धि जानकारी मुलक मन्तव्य राखेका थिए ।

चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,
- मौसमी रूघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक वयाम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।
स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : मधुबाबु तिवारी
७ नं. वडा कार्यालय विराटनग महानगरपालिका, मोरंग